म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १३१ २०८० चैत १९ गते सोमबार 1 April 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढैंलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**



**आइपुग्यो पाठ्यपुस्तक**: शैक्षिक सत्र २०८१ का लागि मकवानपुर जिल्लामा विद्यालय तहका पाठ्यपुस्तक आइपुगेको छ । सरकारले सामुदायिक विद्यालयका विद्यार्थीका लागि निशूल्क उपलब्ध गराउने पाठ्यपुस्तक निजी क्षेत्रबाट विद्यालयलाई बिक्री गर्ने व्यवस्था मिलाइएको छ । सरकारले विद्यालयलाई नै पाठ्यपुस्तक खरिदका लागि बजेट उपलब्ध गराउने गरेको छ ।

### हेटौँडा उपमहानगरमा रास्वपाको ध्यानाकर्षण

## बैठक प्रत्यक्ष प्रसारण गर्न, निर्णय सार्वजनिक गर्न माग



*नगरप्रमुख लामालाई ध्यानाकर्षणपत्र बुझाउँदै रास्वपाका नेताहरु ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले हेटौँडा उपमहानगरपालिकामा ध्यानाकर्षणपत्र बुझाएको छ । रास्वपाको बागमती प्रदेशस्तरीय द्रूत कार्य टोलीले आइतबार हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाउँदै कार्यपालिका बैठकको प्रत्यक्षप्रसारण गर्न, निर्णयको विवरण लिखितरुपमा सार्वजनिक गर्न माग गरेको छ ।

"हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठक कहिले प्रत्यक्ष प्रसारण गरिने, कहिले नगर्ने, कहिले निर्णय सार्वजनिक गर्ने, कहिले नगर्ने, कहिले आधा सार्वजनिक गर्ने, स्थानीय सरकारको यो कस्तो मनलाग्दी हो ?" ध्यानाकर्षणपत्रमा लेखिएको छ, "हामी पारदर्शिता चाहँछौं तसर्थ बैठकको नियमित प्रत्यक्ष प्रसारण साथै निर्णयहरुको पूर्णलिखित विवरणसहित सार्वजनिक गर्न माग गर्दछौं ।"

रास्वपाले सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण मानिएको सीसी क्यामराको मर्मत गर्न पनि उपमहानगरको ध्यानाकर्षण गराएको छ । हेटौँडा बजार क्षेत्रमा राखिएका ४८ वटा सीसी क्यामरा मध्ये २५ वटा भन्दा बढी क्यामरा सञ्चालनमा नरहेको जनाउँदै हेटौँडा उपमहानगरपालिकाको बेवास्ताप्रति रास्वपाले भर्त्सना गरेको छ । बिग्रिएका सीसी क्यामरा चाँडो मर्मत गरिदिन रास्वपाले अनुरोध गरेको छ । यस्तै हेटौँडा बजार क्षेत्रमा पार्किङलाई व्यवस्थित गर्न पनि रास्वपाले अनुरोध गरेको छ ।

## पेट्रोलको मूल्य ४ रुपैयाँ बढ्यो

काठमाडौंः नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको आइतबार बसेको बैठकले आइतबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल लिटर ४ रुपैयाँले बढाउने निर्णय गरेको हो ।

इन्डियन आयल कर्पोरेसनबाट आइतबार प्रतिलिटर पेट्रोलमा ४ रुपैयाँ ७६ पैसा मूल्य बढेर आएकोले यहाँ पनि बढाइएको हो । काठमाडौं उपत्यकामा उपभोक्ताले प्रतिलिटर पेट्रोल अब १ सय ७५ तिर्नु पर्ने छ । यसअघि १ सय ७१ रुपैयाँमा कारोबार भइरहेको थियो । डिजेल/मट्टितेल र खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## बागमतीमा करेन्ट लागेर एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बागमती-८, कयारका ५५ वर्षीय देवराम रुम्बा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आइतबार बिहान ८ बजेको समयमा आफ्नै घर अगाडिको मकै बारीमा भुँईमा लत्रिएको बिजुलीको नाङ्गो तार छुँदा करेन्ट लागेर घटनास्थलमै रुम्बाको मृत्यु भएको हो । रुम्बाको करेन्ट लागेर मृत्यु भएको भन्ने खबर बिहान १० बजेर ५० मिनेटको समयमा प्राप्त भएपछि इलाका प्रहरी कार्यालय फापरबारीबाट प्रहरी टोली खटिएको थियो । रुम्बाको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सुनारलाई ठक्कर दिएको सुमो चालक पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-११, नवलपुरस्थित पूर्व-पश्चिम सडकखण्डमा सोही वडाका ३५ वर्षीय ज्ञाने सुनारलाई ठक्कर दिएर फरार रहेका सुमो चालकलाई प्रहरीले पक्राउ गरेको छ । सुनारलाई ठक्कर दिएर फरार प्रदेश १-०२-०१ ज ४३०० नम्बरको सुमो चालक मोरङ जिल्लाको ग्रामथाङ नगर पालिका-७ का ३६ वर्षीय चेतनाथ सापकोटालाई प्रहरीले पक्राउ गरेको हो ।

शनिबार राति ८ बजेर ५० मिनेटको समयमा उक्त सडकखण्डमा सुनार घाइते अवस्थामा छन् भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट थानाभञ्याङबाट प्रहरी टोली खटिएको थियो । घाइते सुनारलाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा राति ९ बजेर २६ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका थिए । घटनालगत्तै प्रहरीले कुन सवारी साधनले ठक्कर दिएको भनी राजमार्गमा जडान भएको सीसी क्यामेरा हेर्दा उक्त सुमोले ठक्कर दिएको पाइएको थियो ।

त्यसपछि मकवानपुर प्रहरीले सुनसरीस्थित इलाका प्रहरी कार्यालय इटहरीसँग समन्वय गरी उक्त सुमो र सुमो चालकलाई आइतबार दिउँसो २ बजे नियन्त्रणमा लिएको हो । चालक सापकोटालाई उक्त प्रहरी कार्यालयमा नै राखिएको जनाइएको छ ।

## काँग्रेसले विपक्षमा मतदान गर्ने

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेस बागमती प्रदेश समितिले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विपक्षमा मतदान गर्न निर्देशन दिएको छ। नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको सभाध्यक्षतामा आईतबार काठमाडौंमा बसेको कार्यसम्पादन समितिको बैठकले आफ्नो पार्टीका सम्पूर्ण सांसदहरूलाई तटस्थ नबस्न र विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिएको हो ।

बैठकले नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता जम्कट्टेललाई २०७९ माघ ३ गते विश्वासको मत दिएकोमा २०८० फागुन २३ मा बागमती प्रदेश सरकारबाट राजिनामा दिई बाहिरिएको र प्रदेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएकोले विश्वासको मतको विपक्षमा मतदान गर्न कांग्रेस संसदीय दललाई निर्देशन दिएको कांग्रेस बागमती प्रदेशका मुख्यसचिव राजु नेपालले जानकारी दिनुभयो ।


बागमती प्रदेशसभामा मुख्यमन्त्री जमकट्टेलले आज चैत १९ गते विश्वासको मत लिने कार्यक्रम छ । सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा १८८ को उपधारा (२) अनुसार मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ । बागमतीको १ सय १० सदस्यीय प्रदेशसभामा जम्कट्टेलले ५६ मत जुटाएमा उनी मुख्यमन्त्रीमा कायम रहनेछन् । बागमतीमा कांग्रेसको ३७, एमालेको २७, माओवादी केन्द्रको २१, राप्रपा १३, एकीकृत समाजवादीको ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टीको दुई सिट छ ।

## नेकपा एस विपक्षमा उभिने संकेत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारमा सत्ता साझेदार दल नेकपा (एकीकृत समाजवादी) ले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिई विपक्षमा उभिने संकेत दिएको छ। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको संघीय सरकार नेपाली काँग्रेससँगको साझेदारीलाई छोडेर नेकपा एमालेसहितको नयाँ सत्ता समीकरण तयार पारेपछि बनेको नयाँ सत्ता गठबन्धनमा नेकपा एसले सम्मानजनक साझेदारीको अवसर नपाएको भन्दै मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने संकेत गरेको हो ।

नेकपा (एकीकृत समाजवादी) बागमती प्रदेश संसदीय दलको आइतबार काठमाडौंमा बसेको बैठकले प्याकेजमा सहमति हुन नसकेको भन्दै विश्वासको मत नदिने संकेत गरेको हो । संसदीय दलका नेता कृष्ण खनालले समृद्ध समाजसँग कुरा गर्दै भन्नुभयो, "अहिलेको गठबन्धन सत्ता प्राप्तिका लागि भएको हो । नेकपा एसले संघ र प्रदेश कहिँ पनि नेतृत्वको अवसर पाएको छैन । संवैधानिक नियुक्तिहरुमा पनि कुनै अवसर पाएको छैन । यही अवस्थामा मुख्यमन्त्रीलाई विश्वासको मत दिन सकिने अवस्था छैन ।" प्रदेशमा नेकपा माओवादी केन्द्र र नेकपा एमालेले एकलौटी निर्णय गर्दै अगाडि बढेको भन्दै उहाँले यथास्थितिमा विश्वासको मत दिन नसकिने स्पष्ट पार्नुभयो ।



## सम्पादकीय

# बढ्दो सवारी दुर्घटना

देशभर सडक सञ्जाल र सवारी साधनको वृद्धिसँगै सवारी दुर्घटना पनि बढ्दै गएको छ । देशका सबै भूभागमा नयाँ सडक निर्माण र भएका सडक स्तरीकरण भइरहेको अवस्थामा सडक दुर्घटना वृद्धि हुनुले चिन्ता बढाएको छ । अन्य वैकल्पिक यातायातको उचित सुविधान नहुँदा हरेक मानिसले प्रयोग गर्नैपर्ने सडक यातायात असुरक्षित हुँदै गएको हो । शनिबार मुग्लिन नजिक त्रिशुली नदीमा ट्याक्सी खस्दा पाँच जनाको मृत्यु भएको छ । काठमाडौंबाट गोरखा जाँदै गरेको बा२ ज ४१९६ नम्बरको ट्याक्सी शनिबार बिहान इच्छाकामना-५, नाग्दी खोला पुल नजिकैबाट त्रिशुलीमा खस्दा एकै परिवारका पाँच जनाको मृत्यु भएको थियो । दुर्घटनामा एक जना बेपत्ता छन् । शनिबारै पोखरामा बस ठाडो परेर दुर्घटना भएको छ । दुर्घटनामा मानवीय क्षति नभए पनि दुर्घटनाग्रस्त बसको तस्वीर सामाजिक सञ्जालमा भाइरल बन्यो । शनिबारै राति करिब ९ बजे हेटौंडा-११ मा सुमोले पैदलयात्रीलाई ठक्कर दिँदा उनको मृत्यु भएको छ ।

यस्ता दुर्घटनाको खबर सञ्चार माध्यमबाट दिनहुँ देख्न, सुन्न र पढ्न पाइन्छ । नेपाल प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो ५ वर्षमा सडक दुर्घटनामा परी १२ हजार ६ सय १२ जनाको मृत्यु भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा मात्र ३५ हजार ७ सय ५४ वटा सडक दुर्घटनाका घटना भएका छन् । जसमा परी २ हजार ३ सय २० जनाको मृत्यु भएको छ । आर्थिक वर्ष २०७८/७९ मा २ हजार ८ सय ८३ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका थिए । यस्तै, आर्थिक वर्ष २०७७/७८ मा २ हजार ६ सय ५८, आव २०७६/७७ मा २ हजार ५ सय र २०७५/७६ मा २ हजार २ सय ५१ जनाको सडक दुर्घटनामा ज्यान गएको नेपाल प्रहरीको तथ्याङ्क छ । नेपालमा पछिल्लो एक वर्ष (१ माघ २०७९ देखि २९ पुस २०८०) अवधिमा ३९ हजार ५ सय ८ वटा सवारी दुर्घटना भएका छन् । एक वर्षमा मुलुकभर कुल २ हजार ८ सय ५७ दुर्घटनामा बसको संलग्नता रहेको नेपाल प्रहरीको तथ्याङ्क छ । संख्यात्मक सवारी दुर्घटनामा दुई पाङ्ग्रेको हिस्सा धेरै भए पनि धेरै मानवीय क्षति बस दुर्घटनाका कारण हुने गरेको छ ।

नेपालमा यातायात भन्नेबित्तिकै सडक यातायातलाई नै बुझ्ने गरिन्छ । संघीय, प्रदेश तथा स्थानीय सरकारले बजेटको ठूलो हिस्सा पनि सडक यातायातमै लगानी गर्दै आएको छ । गाउँगाउँसम्म पनि सडक यातायातको पहुँच बढ्दै जाँदा दुर्घटना पनि उत्तिकै बढ्दै गएको छ । सडकको कमजोर अवस्था, चालकको कमजोरी र लापरबाही, पुराना सवारी साधनलाई नेपालमा सकड सवारी दुर्घटनाको प्रमुख कारण मान्ने गरिएको छ । सडकको सुरक्षा जाँच र पर्याप्त ट्राफिक संकेत नहुनुले पनि सडक दुर्घटना बढाएको छ । यस्तै, सवारी साधनको अवस्था, यात्रुको ढिपी, सवारी साधनको नियमित मर्मत नहुनुलाई सवारी दुर्घटनाका थप कारण मान्न सकिन्छ । क्षमताबन्दा बढि यात्रु वा लोड बोक्नु, तिब्र गतिमा सवारी चलाउनु र सडकको अवस्था राम्रो नहुनु पनि सवारी दुर्घटनाका कारणहरु हुन् ।

सडक यातायात दुर्घटना न्यूनीकरणका लागि केही प्रयास गरिए पनि हरेक दिन सडक दुर्घटनाको खबर सन्नु परिरहेको छ । आकस्मिकरुपमा हुने सवारी दुर्घटना शून्यमा ल्याउन सकिँदैन । तर, पर्याप्त सावधानी र अन्य उपाय अपनाएमा दुर्घटना न्यूनीकरण गर्न अवश्य सकिन्छ । दुर्घटना न्यूनीकरणका लागि सरकारले पर्याप्त चासो नदिँदा दुर्घटनाको दर बढिरहेको छ । हरेक ठूला दुर्घटनापछि सरकारले छानविन समिति बनाउँदै सुझाव संकलन गरेर थन्क्याउने गरेको छ । यस्ता समितिले दुर्घटना न्यूनीकरण र सडक सुरक्षाका लागि दिएका सुझावलाई सरकारले लागू गर्न सकेको छैन । सवारी चालक, सवारी साधनमा यात्रा गर्ने र पैदल यात्रा गर्ने व्यक्तिहरु, सवारी चालक, यातायात मजदुर, समाज र राज्यका सरोकारवाला निकाय बढ्दो सवारी दुर्घटनाप्रति अझ संवेदनशील बन्नुपर्छ । विगतमा गठन गरेका आयोगले दिएका उपयुक्त सुझावहरु कार्यान्वयमा ल्याएर सवारी दुर्घटना न्यूनीकरणमा सरकारले पर्याप्त ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अध्ययन–अध्यापनका काममा मन जाला ।
**वृष** : काममा संयमता अपनाउँदा राम्रो रहन्छ ।
**मिथुन** : जिद्धीपन रिस र घमण्डले काम बिगार्न सक्छ ।
**कर्कट** : आफन्तको बिछोडले पीडा पुग्ने समय छ ।
**सिंह** : सामाजिक काममा समय योग रहेको छ ।
**कन्या** : मुखकै भरमा आफन्तहरु बटुल्न सकिने समय छ ।
**तुला** : आफन्तले सर–सहयोग आदान–प्रदान गर्नेछन् ।
**वृश्चिक** : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त हुनेछ ।
**धनु** : प्रशासनिक काममा सफलता प्राप्त हुने योग छ ।
**मकर** : द्विविधामा सुझावले काम गर्दा राम्रो रहन्छ ।
**कुम्भ** : परोपकारी र सामाजिक गतिविधिमा सरिक भइएला ।
**मीन** : दुराशा र महत्वकांक्षा थाती राख्दा राम्रो रहला ।

# एसईई तामझाम: दौरा न सौराको खल्ती



**✍ रमेश प्रसाद लामिछाने**

१. यहि चैत्र १५ गतेबाट शुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा पहिलो दिन नै फर्जी निरीक्षक र भाइको सट्टामा दाइले परीक्षा दिएको समाचार बाहिर आयो । दोश्रो दिन परीक्षार्थीहरुले परीक्षा हलमा प्रयोग गरिरहेका करिब पाँच सय भन्दा बढि संख्यामा मोबाईल फोन फेला परेको समाचार मिडियामा आयो । विगतमा पनि यस प्रकृतिका समाचारले यो परीक्षामा ब्यापक स्थान ओगटेका तथ्यहरु ताजै छन् । कतिपय जिल्लामा परीक्षा केन्द्र निर्धारण कै बेलादेखि जिम्मेवार भनिएका पदाधिकारीहरुबाटै चलखेल र सेटिङ हुने गरेका घटनाहरु नौला पटक्कै होईनन् । कतिपय परीक्षा केन्द्रहरुमा नक्कली निरीक्षकहरु, फर्जी विद्यार्थीहरु, शिक्षकहरु, अभिभावकहरु र स्वयम्सेवकहरुको भूमिका भनेको त प्रश्नपत्र बाहिर लैजाने कपि गर्ने अनि उत्तर लेखेर परिक्षार्थीका हातमा पुऱ्याउन दौडधुप आतुर गरिरहेका रोचक र अनौठा लाग्ने दृश्यहरुका फोटाहरु समेतले ठूलै समाचार बनाएका दिनहरु ताजै र स्मरणीय छन् । कतिपय भने परीक्षा हल भित्र विद्यार्थीहरुलाई उत्तर लेखाउने समूह भिन्नै क्रियाशील रहेका समाचार पनि नयाँ हैनन् ।

एसएलसी/एसईई परीक्षा केन्द्रमा चोराउन नजाँदा नाता सम्बन्ध नै धरापमा परेका शारीरिक तथा मानसिक दण्ड दिइएका खबर पनि त सुनिएकै हो । आखिर यी सबै हर्कतहरु के का लागि हुन् ? के नपढिकनै, नलेखिकनै, तोकिएको तहको आवश्यक ज्ञान, सीप हासिल नगरी सम्बन्धित तहको सर्टिफिकेटकै लागि यी सबै गरिएका हुन् त ? यी गम्भिर विश्लेषणको विषय हैनन् र ? सर्टिफिकेट मात्र हो भने सो पनि फर्जी बनाउन मिलेकै छ । कतै त व्यावसायिक रुपमै किनबेच कारोबार गर्ने गिरोह सक्रिय रहेको समाचार पनि नौलो बनेन ।

२. वि.सं. १९९० मा पहिलो पटक ३३ जना विद्यार्थीले तत्कालिन एसएलसी आवेदन फाराम भरेकोमा १ जना परीक्षामा अनुपस्थित रहेको र ३२ जनामा १० जना द्वितीय श्रेणीमा अनि ९ जना तृतीय श्रेणीमा उत्तीर्ण भएको तत्कालिन परीक्षा नियन्त्रण कार्यालयको नतिजामा उल्लेख गरिएको छ । जंग बहादुर राणाले वि.सं. १९१० मा दरबार हाई स्कूलको स्थापना गरी नेपालमा औपचारिक शिक्षाको प्रारम्भ गरे पश्चात वि.सं. १९३७ मा कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन लिई एसएलसी परीक्षा दिन नेपाली विद्यार्थीहरु कलकत्ता नै जाने सहमति भएको पाईन्छ । आवतजावत तथा बसाई आदिका कठिनाई देखाएर ४४ वर्षपछि वि.सं. १९८१ मा काठमाडौंमा नै परीक्षा केन्द्र कायम गर्न नेपाल सरकारले गरेको अनुरोध कलकत्ता विश्वविद्यालयले अस्विकार गरी पटना विश्वविद्यालयमा केन्द्र रहने निर्णय गरेको एसएलसी इतिहासमा भेटिन्छ ।

माध्यमिक शिक्षाको अन्तिम परीक्षा एसएलसीलाई फलामे ढोका भनिन्थ्यो । कुनैबेला ८०० पूर्णाङ्क, कुनैबेला ९०० पूर्णाङ्क, फेरी ८०० र यस वर्षबाट ७०० पूर्णाङ्कमा यो परीक्षा चलिरहेको छ । कुनैबेला कक्षा ९ बाट चालिस प्रतिशत र कक्षा १० बाट साठी प्रतिशत गरी एसएलसी लिईन्थ्यो । नतिजा प्रकाशित भएको गोरखापत्र हेर्न कम्तिमा तीन दिन पर्खिनु परेको अझ भिड लागेर लुछाचुँडी गरेका दिनहरु धेरैलाई स्मरण हुन सक्छ । पछिल्लो वर्षहरुमा लामै समय अंग्रेजी भाषा विषयको २५ अंक प्रयोगात्मक परीक्षा सम्बन्धित परीक्षा केन्द्रहरुमै सुनाई र बोलाईको अभ्यासबाट समेत मूल्याङ्कन गरिन्थ्यो । करिब दुई दशक वर्ष अघिसम्म एसएलसी परीक्षाको भिन्न महत्व थियो । बीस र तीस तथा चालिसको दशकमा समेत एसएलसी पास गर्नु भनेको सगरमाथा आरोहण भन्दा कम थिएन । गाउँमा एसएलसी पास गरेको व्यक्ति बिरलै भेटिने र तिनको उच्च सम्मान हुने गरेको र त्यस्ता व्यक्ति खोजेर शिक्षक बनाउने वा सरकारी जागिरमा प्रवेश गराउने चलन नै बनेको पनि भेटिन्छ ।

३. नेपालको संविधानले नै कक्षा १२ सम्मको शिक्षालाई विद्यालय तह स्विकार गरे पश्चात कक्षा १० को अन्तमा लिईने एसएलसी परीक्षा नाम फेरिएर एसईई भनियो । सोहि अनुसार विधि तथा नीति निर्देशिकाहरु बहिर आए । अब बिगत झैं एसएलसी रहेन । एसएलसी पछि कलेज प्रवेश पनि त होईन नि । विगतमा एसएलसी पश्चात प्रविणता प्रमाणपत्र तह पढ्नुपर्थ्यो । वि.सं. २०४७ पछि यो तह उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा ११ र १२ लाई उच्च माध्यमिक तह भनियो । कक्षा १२ उत्तिर्ण गरेपछि मात्र स्नातक तहमा प्रवेश गर्न पाईने नियम पूरा नै हो । कक्षा ११ को परीक्षा पनि विद्यालयलाई नै तोकिएको सन्दर्भमा कक्षा १० को परीक्षा अन्य कक्षासरह विद्यालयमै दिए हुन्छ र एसईई अब खारेजै गर्नु पर्छ भन्ने जस्ता आवाजहरु संसदमै उठेको चर्चा पनि यहाँ भुल्न सकिन्न । सरकारले भने एसईईलाई प्रदेशस्तरबाट सञ्चालन गर्ने नीति प्रस्तुत गरेपनि हालसम्म पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । राष्ट्रिय परीक्षा बोर्डले प्रदेशलाई सहजीकरण गरिरहेको भनिएको छ । कक्षा १२ को अन्तमा लिईने परीक्षा विद्यालय तहको अन्तिम परीक्षा भएकाले यो परीक्षा भने राष्ट्रिय परीक्षा बोर्डबाटै सञ्चालन गरिने भनिएको छ । कक्षा ८ को अन्तमा लिईने परीक्षा आधारभूत तहको अन्तिम परीक्षा भएकाले सम्बन्धित स्थानीय स्तरबाट यो सञ्चालन हुँदै आएको छ ।

४. तत्कालिन एसएलसी परीक्षाको रुटिन प्रकाशनपछि शिक्षण संस्थाहरुमा तरङ्ग फैलिने, केन्द्र निर्धारणमा दौडधुप गर्ने, होम सेन्टर नहुँदाको असहजतालाई आफ्नो पक्षमा सहज बनाउने अभ्यासका पहलहरु, प्रश्नपत्रहरु प्रहरी चौकीमा राख्ने, (कुनैबेला प्रहरीबाटै कुनै केन्द्रको प्रश्नको प्याकेट खोलेर बाहिर पठाएको घटना अभिलेखीकरण भएको छ) केन्द्राध्यक्ष छनौटमा शिक्षकका पेशागत संस्थाहरु र राजनीतिक पार्टीहरुको चलखेल पर्याप्त हुने कुराहरु यो परीक्षाका विशेषता नै भन्दा हुन्छ । परीक्षा केन्द्र निर्धारणमा गरिने हस्तक्षेप लगायतका काममा विधिका कुराहरु प्रायः ओझेलमा परिरहन्थे ।

परीक्षा अनुगमनका नाममा तोकिएका परीक्षा समितिका पदाधिकारीका अतिरिक्त पत्रकार, राजनीतिक पार्टीहरु, शिक्षकका पेशागत संस्थाहरु, अभिभावक संघ, स्थानीय तथा प्रदेश सरकारका ब्यक्तिहरु, जनप्रतिनिधिहरु र शिक्षा प्रशासनका अन्य व्यक्तिहरुको गतिलै जमात परीक्षा केन्द्रमा प्रवेश गर्दा गतिलो हलचल हुने अझ यी अनुगमनकर्ताहरुको जमात परीक्षा हलमै प्रवेश गर्दा त परीक्षार्थीहरु झस्कने र आत्तिने गरेका घटना पनि हामीले सुनेका छौं । यस्ता अनुगमनले परीक्षा जहाँ स्वच्छ र मर्यादित बनाउनु पर्ने हो त्यहाँ रत्ति पनि असर नगरेको र जहाँ आफैमा अनुशासित र व्यवस्थित छ त्यहाँ ती अनुगमनले कुनै अर्थ नराखेको अवस्थाहरु स्पष्ट पाइएको छ । प्रत्येक परीक्षा केन्द्रमा कम्तिमा १५ जना सुरक्षाकर्मीहरु, बीस परीक्षार्थी बराबर एक निरीक्षक, कर्मचारी, सहायक केन्द्राध्यक्षहरु र केन्द्राध्यक्षको सुसज्जित टिम परीक्षा सञ्चालनार्थ व्यवस्था गरिएको हुन्छ ।

५. हुन त, कक्षा १२ को अन्तमा लिइने परीक्षामा पनि परीक्षा केन्द्रको व्यवस्था, निरीक्षक, कर्मचारी, सहायक केन्द्राध्यक्ष, केन्द्राध्यक्ष, सुरक्षाकर्मी, सबैको व्यवस्था गरिएको हुन्छ । पछिल्ला वर्षहरुमा भने प्रश्नपत्र प्रत्येक केन्द्रमा ईमेल गर्ने राम्रो अभ्यास थालनी भएको छ । तुलनात्मक रुपमा एसएलसीको भन्दा एसईईको तामझाम बढी नै देखिन्छ जबकि कक्षा १२ को परीक्षालाई भने आवश्यक स्थान मिडियामा पनि पाईएन । अनुगमन पनि कक्षा १० को परीक्षामा भन्दा कक्षा १२ को फिका भन्नै पर्दछ । गम्भिरताका कोणबाट पनि कक्षा १२ को परीक्षा विद्यालय तहको अन्तिम परीक्षा भएकाले पर्याप्त सावधानी हुनुपर्नेमा सो व्यवहारमा नभएकै हो ।

जिम्मेवार कार्यालय र पदाधिकारीका अतिरिक्त खासगरी आम सरोकार वर्गको यी परीक्षा प्रतिको बुझाईमा परिवर्तन आउन नसक्नु दुर्भाग्यपूर्ण भन्नै पर्दछ । जुन ग्लासमा सफा पानी राख्न खोजिएको हो सो ग्लास नै चिरिएको छ र सफा देखिँदैन, जिल्लामा परीक्षाको नेतृत्वदायी अया शिक्षा विकास तथा समन्वय इकाई र परीक्षा बोर्डको हालको व्यवस्था आफैंमा निरिह र रुग्ण भन्नै पर्दछ । हाम्रो विद्यालय तहको संरचना तिनको नामाकरण, विद्यार्थी मूल्याङ्कनका औजारहरु, हामीले अभ्यास गर्दै आएको पेपर पेन्सिल टेष्ट, आवधिक परीक्षा प्रणाली, नतिजाका मापदण्डहरु, अनि अंक तथा प्रतिशतलाई ग्रेड र जीपीएमा रुपान्तरणका आम भ्रमहरु चिर्न नसक्नु आजको शिक्षाको प्रमुख समस्या देखिएको छ । जुन तह वा कक्षालाई महत्व दिनु पर्ने हो सोलाई नदिई परम्परागत क्रियाकलापमा नै रुमल्लिई रहने संस्कार आखिर दौरा न सौराको खल्ती सावित भएन र ? समग्र शिक्षा प्रणाली नै तदर्थ अवस्थामा गुज्रिरहेको वर्तमानलाई शिक्षा मन्त्रालय औपचारिकताको घेरामा सीमित रहनुले भविष्यको शिक्षा समेत यथास्थितिमा जकडिने खतरा नकार्न सकिन्न ।

*(लामिछाने हेटौंडा-६, चौघडास्थित वंशगोपाल माविको प्रधानाध्यापक हुनुहुन्छ ।)*

# रिल्स वा टिकटक भिडियोले मान्छेलाई कसरी एक्लो र रोगी बनाउँदैछ ?

अहिलेको समयमा मोबाइल बिनाको जीवन सायदैले सोच्लान् । फेसबुक, इन्स्ट्राग्राम, ट्वीटर, टिकटक, विभिन्न न्युज पोर्टल, ओटीटीको इन्टरनेट दुनियाँले मानिसको दैनिकी नै परिवर्तन भएको छ ।

पहिलेको साथीको स्थान अहिले मोबाइलले लिएजस्तो महसुस हुन्छ । मोबाइलको सदुपयोग गर्न सके यसका कैयौं राम्रा पक्ष छन् । तर आधुनिक दुनियाँ यो एउटा लत नै बनिरहेको छ । मोबाइलमा घण्टौं झुण्डिएर रिल्स वा टिकटक भिडियो हेर्नेहरु बढेका छन् । जसले मनोरञ्जनभन्दा बढी शारीरिक समस्या निम्त्याइरहेको छ ।

भर्खरै एउटा भिडियो भाइरल भइरहेको छ, जसमा एक बालक सुतिरहेको अवस्थामा पनि मोबाइलमा केही स्क्रोल गरिरहेको जस्तो हात हल्लाउँदैछन् । सोसल मिडियाका सर्ट भिडियोका कारण कसैको ज्यान गएको र कसैको ज्यान लिने



यस्ता घटना पनि छन् । यस्ता घटनाले स्क्रिन लतले हाम्रो जीवनमा कतिको नराम्रो असर गरिरहेको छ ।

**घण्टौंसम्म मोबाइल हेर्दा थाहै नपाई हुने केही समस्या मानसिक रोगको सुनामी**

पहिले सामाजिक सञ्जाल मानिसहरुसँग जोडिने माध्यम भएपनि आज यो मनोरञ्जनका लागि पनि ठूलो मञ्च बनेको छ । तर मनोरञ्जनको नाममा स्वास्थ्यसँग कस्तो खेलबाड भइरहेको छ, कल्पना गर्न पनि गाह्रो छ । रिल्स वा टिकटक भिडियोले मानिसमा शारीरिक र मानसिक दुवै असर पारेको देखिन्छ । मोबाइलको प्रयोग आवश्यक भएपनि अत्यधिक प्रयोगका कारण बालबालिकादेखि युवावर्गमा यति धेरै असर परेको छ कि उनीहरुमा निद्रा नलाग्ने, चिन्ता र तनावको समस्या बढेको छ । शारीरिक रुपमा हात र नसामा समस्या बढिरहेको देखिन्छ ।

**लत बनेको छ**

रिल्स वा टिकटक प्रयोगका कारण शारीरिक क्रियाकलापमा निकै कमी आएको देखिन्छ र मानिसहरु भर्चुअल संसारमा बाँचिरहेका छन् । विश्व वा समाजमा के भइरहेको केही मतलब हुँदैन । लामो समयसम्म रिल्स वा टिकटक हेरिरहँदा दिमागलाई कुनै कुरामा केन्द्रित गर्न गाह्रो भइरहेको छ । यो पनि एक किसिमको रोगजस्तै हो । यसमा बिहान उठेपछि

....बाँकी पृष्ठ ३ मा

# चैत्र २४ बाट जीतपुर-सिमरा गोल्डकप




समाज संवाददाता

हेटौँडाः जगदम्बा स्टिल जीतपुर-सिमरा गोल्डकपको १४ औं संस्करण यही चैत्र २४ गतेदेखि शुरु हुने भएको छ। आइतबार सिमरामा पत्रकार सम्मेलनको आयोजना गरी आयोजक नवजनजागृती युवा क्लबले प्रतियोगिताबारे जानकारी दिएको हो।

सिमरा रङ्गशालाको फ्लड लाइटमा आगामी वैशाख ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा डिफेण्डिङ च्याम्पियन चर्च ब्वाईज युनाईटेड, त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, फ्रेण्ड्स क्लब र मच्छिन्द्र क्लब गरी 'ए' डिभीजनका पाँच टिम सहभागी हुनेछन्। सशस्त्र प्रहरीको विभागीय क्लब एपिएफ, मकवानपुर-११, वीरगञ्ज युनाईटेड क्लब बीरगञ्ज, सिराहाको सहलेश युवा क्लब र आयोजक नवजनजागृती युवा क्लबसहित १० टिमको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष रामचन्द्र लामाले जानकारी दिनुभएको छ।

प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल प्राप्त गर्नेछन् भने विधागत पुरस्कारतर्फ सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकले समान २५ हजार तथा स्थानीय उदीयमान खेलाडीले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रत्येक खेलका म्यान अफ दि म्याचले रु. १० हजार रुपैयाँ प्राप्त गर्ने अध्यक्ष लामाले जानकारी दिनुभयो।

रात्रीकालीन फुटबलमा दर्शकको आकर्षण बढाउन गत वर्षबाट फुड फेस्टिभल समेत शुरु गरेको आयोजकले यस वर्ष पनि होटल तथा पर्यटन व्यवसायी संघ बारासँगको सहकार्यमा फुटलबसँगै फुड फेस्टिभललाई निरन्तरता दिने जनाएको छ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षण सिटसहित निशुल्क प्रवेश तथा विद्यार्थीका लागि ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ।

## शिक्षामन्त्रीको आग्रह

# शिक्षक-प्राध्यापकले दलीय आवद्धता छोड्नुहोस्

काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले शिक्षक र प्राध्यापकलाई दलीय आवद्धता त्याग्न आग्रह गरेकी छन्। शिक्षा ऐन २०२८ र राजनीतिक दल सम्बन्धी ऐन २०७३ मा भएको व्यवस्था उल्लेख गर्दै मन्त्री श्रेष्ठले शिक्षक, प्राध्यापक र कर्मचारीहरूलाई कुनै पनि राजनीतिक दलको सदस्यता नलिन आग्रह गरिन्।



शिक्षण सिकाइ क्रियाकलापमा संलग्न शिक्षक, प्राध्यापक र कर्मचारीहरूले राजनीतिक दलको सदस्य हुन नहुने व्यवस्था रहेको उनले भिडिओ सन्देश मार्फत जानकारी गराएकी छन्। कानुन विपरित दलको सदस्यता लिने गरेकाले कारबाहीको माग गर्दै मन्त्रालयमा उजुरी परेको समेत उनले बताइन्। उजुरी उपर प्रक्रिया अघि बढाउन मन्त्री श्रेष्ठले निर्देशन दिइन्। 'हाम्रा विद्यालय गुणस्तरीय बनाउन शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु अपरिहार्य हुन्छ।

अन्यथा शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) बमोजिम कानुनी कारबाही गर्न मन्त्रालय प्रतिबद्ध रहेको जानकारी गराइन्छ,' मन्त्री श्रेष्ठले भनिन्। शिक्षण संस्थामा दलीय राजनीतिकरण नहटे राम्रो भवन, राम्रो कार्यक्रम लगेपनि नतिजा नदिने उनले बताइन्। सरकारी तथा सामुदायिक संस्थामा कार्यरत शिक्षक, प्राध्यापक र कर्मचारीहरूले राजनीतिक दलको सदस्यता लिएको भेटिए उजुरी दिन समेत उनले आव्हान गरिन्। *स्रोतः अनलाइनखबर।*

# रिल्स वा टिकटक...

रिल्स हेर्नुपर्ने हुन्छ। र, मोबाइलमा बिना वा रिल नहेरी जीवन बाँच्न सकिँदैन र यो नभए जीवनको केही अर्थ नभएको महसुस गर्छन्। अहिले शौचालय जाँदा, खाना खाँदा, साथीसँग भेटघाट, पार्कमा घुम्दा, हिंड्दा-हिंड्दै पनि मोबाइल चलाउने बानी भइरहेको छ।

**भर्चुअल संसारका एक्लो हुँदै**

भनिन्छ, धेरै खाए चिनी पनि तीतो हुन्छ। त्यस्तै कुनै पनि चीज अत्यधिक भएमा त्यसले हानि गर्न सक्छ। रिल्सजस्ता भिडियोले अहिले मान्छेहरुको जीवनमा यस्तै भूमिका खेलिरहेको छ। मानिसहरु वास्तविक दुनियाँमा बस्नुको सट्टा भर्चुअल दुनियाँमा यति डुबेका छन् कि उनीहरु कति एक्लो भइसकेका छन् भन्ने महसुस समेत गर्न सकेका छैनन्।

उहिले एकअर्कालाई भेट्ने, बाहिर जाने र समय बिताउने गर्थे, तर हिजोआज त्यो रोकिएको छ। अब सबै कुरा अनलाइन कुराकानीमा मात्र सीमित भइरहेको छ। पहिलेका मानिसहरुमा सामाजिकीकरण सीपहरु विकसित भएका छन् तर बालबालिकामा त्यो विकास भइरहेको छैन। तिनीहरुलाई परिवारका सदस्य तथा नातेदारसँगसमेत कुरा गर्न मन पराउँदैनन्। जसकारण तिनीहरुमा कारण चिन्ता (एन्जाइटी) र एक्लोपनको समस्या उत्पन्न भएको देखिन्छ।

**तुलना गर्ने समस्या**

अत्यधिक रिल्स वा टिकटक भिडियोले बालबालिका र विशेषगरी युवतीहरुमा तुलना गर्ने समस्या देखा परेको छ। तिनीहरु रिल्समा हेर्छन् र म किन यस्तो राम्रो देखिनँ भनेर सोच्छिन्। जसकारण उनीहरुमा खानपानको समस्या बढ्दै गएको देखिन्छ। अत्यधिक रिल्सको कन्टेन्ट हेर्ने बालबालिकामा सुतेको बेला पनि रिलकै संसारमा रहने गर्छन् र सुतेको बेलामा पनि केटाकेटीहरु निद्रामा सोसल मिडियाको बारेमा बर्बराउने गर्छन्। रिलको प्रयोग यतिसम्म भएको छ कि बालबालिकाको मस्तिष्कले सुत्ने र उठ्ने समय समेत छुट्याउन सकेको छैन। रिलका कारण मानिसले समय व्यवस्थापन गर्न नसकेका कारण अन्य काममा असर परिरहेको छ।

**घाटी र कम्मरको समस्या**

सर्ट भिडियोको लतले धेरै समय एउटै पोजिसनमा बस्ने वा सुत्ने बानी हुन्छ। आमाबुवाले केही कुरा गरिरहँदा पनि बेवास्ता गरेर रिल्स वा टिकटक हेर्नमै मस्त हुन्छन्। एउटै पोजिसनमा बसिरहेका हुन्छन्। यसरी लामो समय एउटै पोजिसनमा बसिरहँदा उनीहरुको हड्डी, मासंपेशी र नसामा असर पर्छ। अहिले रिलको सबैभन्दा नराम्रो असर युवाहरूमा देखिएको छ। उनीहरुले आसनसम्बन्धी समस्याको सामना गरिरहेका छन्। धेरैले घाँटी दुख्ने, हात दुख्ने, टाउको दुख्ने र जीउ दुख्ने जस्ता समस्याको सामना गरिरहेका हुन्छन्।

सुत्दा मोबाइल चलाउनुका बेफाइदा सुतेर मोबाइलमा रिल वा अन्य कुरा हेरिरहँदा घाँटी बाङ्गो हुनसक्छ। यस्तै औँलाहरु बाङ्गो हुने, जोर्नीहरु दुख्ने वा भाँच्ने समस्या हुन्छ। यस्तो अवस्थामा चिकित्सकलाई जाँच गराएर फिजियोथेरापी र औषधि खाएपछि निको पार्न सकिन्छ।

पहिले यस प्रकारको समस्यालाई ब्ल्याकबेरी सिन्ड्रोम वा कम्प्युटर डिजिज भनिन्थ्यो, जसमा औंला बांगो हुने गर्छ। अब यसलाई ट्रिगर फिंगर पनि भनिन्छ। धेरै बिरामी पनि ढाड दुख्ने गुनासो गर्छन्। यदि समयमै यी समस्या पत्ता लागेन भने रिल वा सामाजिक सञ्जालका कारण उनीहरुमा हड्डीसँग सम्बन्धित यस्ता समस्या हुन सक्छन्, जुन कहिल्यै निको नहुने हुनसक्छ। *(स्रोतः अनलाईनखबर)*


# Career Opportunity

Rural Helpless Children Community Rehabilitation Centre (RuHel-CRC), a reputed non-government organization working in the issues of child labour exploitation and trafficking in Makawanpur district is seeking a self-motivated, experienced and dynamic candidate for the position explained in detail below. The main objective of RuHel-CRC is; to prevent child from trafficking and child labour in Makawanpur.

**1. Position: Social Mobilizer**

- Working Station: Heauda-11, Saraswati with maximum travel (More than 90%) in program areas.
- **Minimum qualifications:** Minimum 10+2 pass in related field with experience of field mobilization in education sectors.

**Responsibilities Include:**

- Field work visits as needed for proper project implementation and supervision.
- Facilitate children awareness and parent's awareness activities.
- Special case support and supervision.
- Vocational training support as needed.
- Other as assigned by senior management.

**How to Apply:** A cover letter mentioning expected salary, curriculum-vitae, a recent passport size photograph, and a copy of Nepalese citizenship certificate should be submitted by either email to ruhelcrc@gmail.com or hard copy by 25th Chaitra 2080 within 2:00 pm.

**Selection Committee**
**RuHel-CRC, Hetauda**


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

# मेलवा देवी गुरुङ (जीवनी)



✍ श्लेष्टि उप्रेती

*सवारी मेरो रेलैमा*
*सानो र सानो लैलै कुसुमे रुमाल बरिलै*
*ज्यान तिमीले पायौ कि बरिलै*
*झन् पर जान्छु लैलै झन् माया लाग्छ बरिलै*
*मोहनी लायौ कि बरिलै*
*सवारी मेरो रेलैमा*

नेपाली आधुनिक गीतका इतिहासमा मेलवादेवी गुरुङ प्रथम नारी गायिकाका रूपमा स्थापित नाम हो। उनले विसं १९८५ सालतिर कोलकत्तामा सवारी मेरो रेलैमा बोलका गीत रेकर्ड गराएकी थिइन्। उनी आफै गीत लेख्दै धुन बनाउँदै गाउने प्रथम नेपाली गायिका थिइन्।

मेलुवा देवी गुरुङले श्री ३ महाराज चन्द्रशमशेर राणाको दरबारमा गीत गाउने र उनैद्वारा निर्माण गरिएका रङ्गमञ्च सभा समारोहका अतिरिक्त श्री ३ महाराजसँगै सिकारमा जंगल पुगेर समेत गीत गाउने भएकाले त्यतिखेर उनी खुबै चर्चित थिइन्। मेलुवा देवी चन्द्रशमशेरकी मनपरेकी गायिका हुनाले चन्द्रशमशेर जहाँ जान्थे मेलवालाई पनि सँगै लिएर जाने गर्थे।

ज्ञानबहादुर लामिछाने गुरुङ र सप्तदेवी गुरुङकी जेठी छोरीका रूपमा मेलवा देवी गुरुङको जन्म विक्रम सम्वत १९५९ सालमा ओखलढुङ्गाको रुम्जाटारमा भएको थियो। उनले पाँच वर्षदेखि नै गीत गाएर गाउँलेलाई छक्कै पारेकी थिइन्। त्यसैले उनलाई राणाजीमा समर्पण हेतु शब्ददेवी गुरुङ विक्रम सम्वत १९६५ सालतिर मेलवा देवीलाई लिएर काठमाडौँ पसेकी थिइन्। उनै चन्द्र शमशेरको दरबारबाट नै मेलवा देवी गुरुङको सांगीतिक यात्रा सुरु भएको थियो।

मेलवा देवीको जादुमय स्वरलाई अझ निखारता दिन चन्द्रशमशेरले त्यतिबेलाका ख्याति प्राप्त उस्ताद बाला प्रसाद शर्मा गणपत खेमचन्द्रबाट शास्त्रीय संगीतको गायनमा तालिम दिन लगाइयो। कोइलीले झैँ मधुर आवाजमा गीत गाउने हुनाले उनै चन्द्र शमशेरले उनको नाम परिवर्तन गरी मेलोवा देवी नाम राखिदिए। चन्द्र शमशेरका दरबारमा पाहुना पासा आउँदा बैठक कक्ष भरि भराउ र सजी सजाओ गरिएको हुन्थ्यो। यिनै सजीसजाउ कक्षाका बीचमा राखेर मेलवा देवीलाई गीत गाउन लगाइन्थ्यो। त्यतिखेर मेलवा देवीले अतिथिको रुचि अनुसार शास्त्रीय आधुनिक भजन र लोकगीत गाउने गर्थिन्। उनको स्वर सुनेर चन्द्रशमशेरले उनलाई बारबार धाप मार्ने गर्थे र चन्द्रशमशेरबाट उत्तिकै मात्रामा पुरस्कार पनि प्रदान गरिन्थ्यो। यस्तो घटनाबाट मेलवा देवीको ईर्स्या गर्नेहरूको तातीले सिंहदरबार भरिएको थियो। त्यसैले मेलवा देवीका जादुमै स्वरलाई बिगार्नका लागि उनका दुश्मनहरुले पानमा सिन्दुर राखेर खुवाइदिएपछि भने मेलवा देवी गाउँ नै नसक्ने गरी घाँटीको समस्याले थला परिन्।

घाँटीमा समस्या भएपछि उनको उपचारका लागि चन्द्रशमशेरले विभिन्न वैद्यहरु बोलाएर उपचार गराए भने विदेशबाट डाक्टर समेत झिकेर उनको उपचारमा खुब ध्यान दिएका थिए। तर पनि उनको स्वरमा कुनै सुधार नभएकाले अब भने मेलवा देवीले दरबार छाड्ने निधो गरिन्। त्यतिबेला उनले भगत कृष्ण मानन्धरसँग विवाह गरेकी थिइन्। उनी आफ्ना श्रीमान्का साथ चन्द्रशमशेरले किनिदिएको विजयश्वरीको घरमा बस्न थाले। गुरुङकी छोरीसँग विवाह गरेकै कारणले भगत कृष्णका परिवारले मेलवा देवीलाई बुहारीको रुपमा स्वीकार गरेनन्।

भगत कृष्ण र मेलुवा देवीका चार सन्तान जन्मिसकेका थिए। पारिवारिक कलहका कारण मेलवादेवी काठमाडौँको नेवारी समुदायमा रहन सकिनन्। त्यसपछि उनी रेलमार्गद्वारा कलकत्ता लागिन्। उनी कलकत्ता प्रस्थान गर्नुभन्दा पहिले उनका दुई छोराहरूको असामयिक मृत्यु भएको थियो। छोराहरू गुमाउँदाको पीडाले उनलाई दुई छोरी साथमा लिएर कलकत्तासम्मको यात्रा गर्न बाध्य बनायो।

मेलवा देवीले कलकत्ता पुगेर ठुमरीकी रानी सम्मान प्राप्त गर्दै संगीत प्रशिक्षक भएर काम गर्न थालिन्। कलकत्तामा रहँदै गर्दा उनले न घरलाई घर कहिन्छ, आउन बसौँ पियारी मिरमिरे झ्यालैमा, हरियो भन्नु सुरती पत्र लगायतका गीतहरू रेकर्ड गराइन।

एक दिनको कुरा हो। विक्रम सम्वत २०१२ सालको समय थियो मेलवादेवी खाना पकाउँदै थिइन्। त्यति नै बेला खाना पकाउने स्टोभ पड्केर उनको शरीरमा आगो लाग्यो। उनका दुई बहिनी छोरीको विवाह भइसकेको हुनाले उनी कोठामा एक्लै बस्थिन्। यसरी एक्लै अवस्थामा दुर्घटना हुन पुगेपछि उनको डढेको शरीर कोठामा लडिरहेको थियो। यसरी खाना पकाउने स्टोभ पड्केर स्वर जादुगरी मेलवा देवी गुरुङको निधन हुन पुग्यो।

*कक्षा-८*

# “विद्या र बाटो”



✍ प्रियुश तिमल्सिना

साना यी हातहरु हुनेछन् ठूलो
टेक्दै खेल्दै रमाउँदै धर्तीको धुलो ।।

हिँड्ने छौं राम्रो बाटो हात समाउँदै
जस्तोसुकै अप्ठ्यारालाई पनि पन्छाउँदै ।।

अन्धकारलाई काट्दै हिँड्छु म त घाम बनी,
पर्वत आए बाटोमा बग्छु नदी बनी

हिमाल जस्तो हाँसिरहन्छु, हावा जस्तो उड्छु,
नआउन्जेल सही समय अटल बनी कुर्छु ।।

ज्ञान मेरो धन, विद्या मेरो सम्पत्ति
पढी लेखी ठूलो बन्छौं भविष्यका सन्तति ।।

*कक्षा-४*

# नानी बाबु



✍ अनुराधा बस्नेत

घाम जस्ता बाबुहरु
जून जस्ता नानी
अँधेरीमा बत्ती बन
पँधेरीमा पानी ।

आज राम्रो पढ बाबा
भोलि राम्रो हुन्छ
तिमी राम्रो भयौ भने
देशै राम्रो हुन्छ ।।

नेपाल अझै ठूलो हुन्छ
तिमी बढेपछि
हिमाल अझै अग्लो हुन्छ
तिमी चढेपछि ।।

स्वर्ग भन्दा ठूलो हुन्छ
आफ्नो मातृभूमि
बुझीराख सम्झीराख
आजैदेखि तिमी ।।

*कक्षा-४*

# वडाध्यक्ष कप फुटबलको उपाधि १२ नम्बर वडाले जित्यो



उपाधि साथ १२ नम्बर वडाको फुटबल टिम ।

समाज संवाददाता

गौरीटारः हेटौँडा-६ स्थित गौरीटार रंगशालामा भएको अन्तरवडास्तरीय वडाध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधि हेटौँडा-१२ ले जितेको छ । आइतबार सम्पन्न फाइनल खेलमा हेटौँडा-७ लाई १-० गोलअन्तरले हराउँदै हेटौँडा-१२ ले उपाधि जितेको हो । हेटौँडा-१२ को तर्फबाट घनजित थिङले दोस्रो हाफको १३ मिनेटमा गरेको गोल निर्णायक बन्यो । म्यान अफ द म्याच निर्णायक गोलकर्ता थिङ घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता वडा-१२ ले एक लाख रुपैयाँ र उपविजेता वडा-७ ले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित भएका वडा-१२ का साजन पाख्रिनले ५ हजार रुपैयाँ प्राप्त गरेका छन् सर्वोकृष्ट गोल रक्षक वडा-१२ कै आयुष गोल, उत्कृष्ट डिफेन्डर वडा-७ का रोशन दोङ, उत्कृष्ट मिडफिडर वडा-७ का राजु लामा र उत्कृष्ट फरवार्ड वडा-१२ का राजु पाख्रिन घोषित हुँदै २ हजार ५ रुपैयाँ तथा प्रमाणपत्र प्राप्त गरेका छन् । वडा कार्यालयको आर्थिक सहयोगमा सञ्चालन भएको प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका भित्रका १७ वटा वडाहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिताको समापन कार्यक्रममा हेटौँडा-१५ वडा खेलकुद विकास समितिका अध्यक्ष गोविन्द नेगीको सभाध्यक्षमा तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्य रहेको थियो । प्रतियोगिताको समापन कार्यक्रममा हेटौँडा-११ की वडाअध्यक्ष जुना दहाल, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारी, सदस्य माधव तिमल्सिना, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामा, महासचिव छवी सुवेदी, नेपाल बुद्धिचाल महासंघका महासचिव धर्म लामा, नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र घिमिरेको पनि आतिथ्य रहेको थियो ।

पहिलो सेमीफाइनल खेलमा वडा-८ लाई ३-१ गोलअन्तरले हराउँदै वडा-१२ फाइनलमा प्रवेश गरेको थियो भने दोस्रो सेमीफाइनल खेलमा आयोजक वडा-१५ लाई २-१ गोलअन्तरले हराउँदै वडा-७ फाइनलमा प्रवेश गरेको थियो ।

# भीरबाट लडेर बालिकाको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकामा भीरबाट लडेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा बकैया-६ की ८ वर्षीया पूर्णिमा भोम्जन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शनिबार बिहान ११ बजे घरबाट निस्किएकी भोम्जनलाई आफन्तले खोजतलास गर्दा साँझ ५ बजे घरबाट २ सय मिटर पर बाघ भैरव सामुदायिक वनको सुधाभीरबाट २ सय मिटर तल लडेर मृत्यु भएको अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ । मृतक भोम्जनको मानसिक सन्तुलन ठिक नभएको बुझिएको प्रहरीले जनाएको छ । भोम्जन मृत अवस्था छ भनी वडा नम्बर ६ का वडाध्यक्षले अस्थायी प्रहरी पोष्ट गरगरेमा साँझ ५ बजेर ३० मिनेटको समयमा खबर गरेपछि प्रहरी टोली घटनास्थलमा खटिएको थियो । शवलाई मुचुल्कापश्चात पोष्टमार्टमका लागि शनिबार राति १० बजे हेटौँडा अस्पताल ल्याइएको थियो ।

# सिङ्तानको पहलमा २७ विद्यार्थीलाई छात्रवृत्ति

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिकामा २७ जना विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्ने भएका छन् । सहयोग र सरोकार ज्योति जीवन कार्यक्रमअन्तर्गत् विद्यार्थीहरुले छात्रवृत्ति पाउने भएका हुन् ।

बागमती गाउँपालिका-७ स्थित चौरा आधारभूत विद्यालयका पूर्वशिक्षक एवम् उक्त विद्यालयमा गएको मंगलबार भएको विद्यालय व्यवस्थापन समितिका निर्वाचनमा पराजित हुनुभएका विवेक सिङ्तानको पहलमा २७ जना विद्यार्थीले छात्रवृत्तिको पाउन लागेका हुन् । प्रत्येक विद्यार्थीले वार्षिक ५ हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री प्राप्त गर्ने सिङ्तानले बताउनुभयो । उहाँले छात्रवृत्ति यहि आर्थिक वर्षभित्रै उपलब्ध हुने बताउनुभयो । बागमती गाउँपालिका वडा नम्बर ४, ५ र ७ मा रहेका महाबुद्ध आधारभूत विद्यालय, देवकी माध्यमिक विद्यालय, आदर्श आधारभूत विद्यालय र चौरा आधारभूत विद्यालयका विद्यार्थीहरुले उक्त छात्रवृत्ति पाउने उहाँले बताउनुभयो ।

सिङ्तानले आफु विद्यालय व्यवस्थापन समितिको चुनावमा हारेपनि आर्थिकरूपमा कमजोर विद्यार्थीलाई हार्न दिनुहुन्न भन्ने उद्देश्यले छात्रवृत्तिका लागि पहल गरि एको उहाँले बताउनुभयो । आफूले पढाएको विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्यका साथ निर्वाचनमा होमिएर हारे पनि विद्यार्थीहरुको शैक्षिक अवस्थालाई थप उकास्नुपर्छ भनेर छात्रवृत्तिका लागि आफूले सक्रिय पहल गरेको उहाँको भनाइ छ ।

# कैलाशको उपाध्यक्ष कप भलिबल उपाधि वडा १ लाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा आयोजना भएको गाउँपालिकास्तरीय उपाध्यक्ष कप भलिबल प्रतियोगिताको उपाधि वडा नम्बर १ ले जितेको छ । शनिबार कैलाश-३ स्थित कालिकाटारमा भएको फाइनलमा खेलमा वडा नम्बर ५ लाई ३-२ सेटले हराउँदै वडा नम्बर १ ले उपाधि जितेको प्रतियोगिताका संयोजक मोहन वाईबाले जानकारी दिनुभयो ।

प्रतियोगिताको साविक विजेता वडा नम्बर ५ यस पटक भने उपविजेता बन्न पुगेको छ । प्रतियोगिताको विजेता वडा नम्बर १ ले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ५ नम्बरले ४० हजार रुपैयाँमा चित्त बुझाएको छ । लिग चरणमा सञ्चालन भएको प्रतियोगितामा पालिकाभित्रका १० वटै वडाको सहभागिता रहेको थियो । पालिकाको खेलकुद विकास समितिले यसअघि गत शनिबारमात्रै पालिकास्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता सम्पन्न गरेको थियो ।

गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष देवकुमार ब्लोन, ५ का वडाध्यक्ष छेगु लामा, ७ का वडाध्यक्ष उदास लामा ब्लोन र १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोनलगायतको उपस्थिति रहेको थियो ।

# फागुन महिनामा १७ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालमा फागुन महिनामा १७ जना किशोरीहरु आमा बनेको छन् । एक महिनाको अवधिमा २० वर्ष भन्दा कम उमेरका १७ जना किशोरी आमा बनेका हुन् ।

अस्पतालमा २ सय ६० जना गभर्वतीले प्रसुती सेवा लिँदा १७ जना किशोरीले पनि प्रसुती सेवा लिएको हेटौँडा अस्पतालका सुचना अधिकारी राजीव झाले जानकारी दिनुभयो । फागुन महिनामा अस्पतालबाट प्रसुती सेवा लिएका २ सय ६० जना मध्ये १ सय ५१ जनाले सामान्य अवस्थामा बच्चा जन्माए छन् । १९ जना गर्भवतीको जटिल अवस्थामा प्रसुती गराइएको थियो भने ९३ जनाको शल्यक्रिया गरिएको अस्पतालका सुचना अधिकृत झाले जानकारी दिनुभयो । फागुन महिनामा १ सय २८ जना बालिका र १ सय ३२ जना बालकको जन्म भएको छ ।

किशोरावस्थामा गभर्वती भई बच्चा जन्माउँदा जटिलताको खतरा रहने चिकित्सकको भनाइ छ । २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु गैरकानुनी र दण्डनीय मानिए पनि निरन्तर बालविवाह र किशोरावस्थामै आमा बन्ने क्रम रोकिएको छैन ।


## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# नेकपा एसको अधिवेशन वैशाखमा

समाज संवाददाता

हेटौँडाः नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) मकवानपुरको जिल्ला अधिवेशन आगामी बैशाख १५ र १६ गते हुने भएको छ । पार्टीको आइतबार बसेको सचिवालय बैठकले जिल्ला अधिवेशनको मितिबारे निर्णय लिएको हो । अधिवेशन हेटौँडामा हुनेछ ।

पार्टी स्थायी कमिटी सदस्य ललित बस्नेतको प्रमुख अतिथ्य तथा पार्टी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा सचिवालय बैठक बसेको हो । बैठकका प्रमुख अतिथि बस्नेतले पार्टीले क्रियाशील सबै सदस्यलाई उचित अवसर दिने बताउनुभएको छ । बैठकमा पोलिटब्युरो सदस्य घन प्रसाद गौतम, केन्द्रिय सदस्य एवम् पार्टी मकवानपुर इन्चार्ज मुनु सिग्देल, केन्द्रिय सदस्य राजाराम स्याङ्तानको विशेष आतिथ्य रहेको थियो ।

बैठकमा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज सिग्देलले नेकपा एसका नेता तथा कार्यकर्तालाई पार्टीको नीति र विधिमा रही अधिवेशनमुखी अभियान अघि बढाउन निर्देशन दिनुभएको छ । पार्टीको जिल्ला कमिटीको विस्तारित बैठक यही चैत २८ मा बस्ने पनि आइतबारको बैठकले निर्णय गरेको छ ।

# अवैध सामान नियन्त्रण

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले अवैध सामान नियन्त्रणमा लिएको छ । शनिबार राति ८ बजेर ३० मिनेटको समयमा हेटौँडा-९, पशुपतिनगरमा वीरगञ्जबाट हेटौँडातर्फ आउँदै गरेको बा ३ ख ५२२५ नम्बरको यात्रुवाहक बसलाई सुरक्षाजाँच गर्ने क्रममा बसको डिक्की, छत र सिट मुनिबाट बिल नभएको चामल २५ केजीको ७ बोरा, प्याज एक सय केजी, चिनी एक सय केजी, तेल १० लिटर, कोकाकोला ५७ वटा, रेडबुल ८० पिस, बिस्कुट ५ पोका खाद्य तथा पेय पदार्थका सामानहरु नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । उक्त विल नभएको सामानहरुलाई इलाका प्रहरी कार्यालय पशुपतिनगरमा राखेर बसलाई गन्तव्यतर्फ पठाइएको जनाएको छ ।


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## हार्दिक बधाई एवम् आभार



मञ्जुश्री सम्वत् २८६० औं डुक ल्हो सोनाम ल्होसार (नयाँ वर्ष) को अवसरमा आयोजित अन्तरवडास्तरीय १५ नम्बर वडा अध्यक्ष कप नकआउट फुटबल प्रतियोगिताको आइतबार सम्पन्न फाइनल खेलमा विजयी हुँदै उपाधि जित्न सफल **१२ नम्बर वडा टिम**, **उपविजेता ७ नम्बर वडा टिम**लाई बधाई ज्ञापन गर्दै प्रतियोगितामा सहभागी सम्पूर्ण टिम, सहयोगी, शुभेच्छुक सम्पूर्णमा आभार व्यक्त गर्दछौं । आगामी दिनमा पनि यस्तै साथ, सहयोगको अपेक्षा गर्दछौं ।

वडा खेलकुद विकास समिति

वडा समितिको कार्यालय

हेटौँडा उपमहानगरपालिका १५ नं. वडा कार्यालय


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ